नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
☎ ०९१-५२११०१ 🖷५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
(स्थानीय प्रशासन शाखा)
धनगढी,कैलाली

प.सं. ०८२।८३
च.नं.
मिति:-

## विषयः सेवा प्रवाह सम्वन्धमा ।

मिति २०८२ भाद्र २४ गतेको प्रदर्शनका क्रममा यस कार्यालयमा भएको आगजानी तथा तोडफोडवाट कार्यालयको संरचना तथा अभिलेखहरु जली नष्ट भएको छ। यस असहज परिस्थितिमा कार्यालयवाट प्रवाह हुने सेवालाई पूर्ववत रुपमा सञ्चालन गर्न कार्यालयको तर्फबाट तपसिल अनुसार अधिकतम प्रयास भइरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

१. मिति २०८२।०५।२९ गतेबाट नागरिकता सम्वन्धि सेवा शुरु भई सकेको।
२. आवश्यक प्रणाली तथा यन्त्र उपकरणको व्यवस्था भई नसकेकोले राहदानी सम्वन्धि सेवा हाल सुचारु गर्न सकिएको छैन, सो विषयमा राहदानी विभागसँग समन्वय भई रहेको। (ईलाका प्रशासन कार्यालय टीकापुरबाट साविक झैं राहदानी सम्वन्धित सेवा प्रवाह भईरहेको)
३. राष्ट्रिय परिचय पत्रको हकमा सो सम्वन्धि केही उपकरण प्राप्त भई सकेको र आसन्न दशैं विदा लगत्तै शुरु गर्ने गरी सो को जडान गर्ने कार्य भई रहेको । (ईलाका प्रशासन कार्यालय टीकापुर र सुखडबाट साविक झैं राष्ट्रिय परिचय सम्वन्धित सेवा प्रवाह भईरहेको)
४. शान्ति सुरक्षा सम्बन्धी सेवाहरु यस कार्यालयवाट नियमित रुपमा संचालन हुने।
५. यस कार्यालयवाट प्रवाह हुने सेवा प्रवाह सम्बन्धी थप जानकारीको लागि नियमित रुपमा सूचना प्रकाशन गरी जानकारी गरिने नै छ।

शिवराज जोशी
प्रशासकीय अधिकृत

अन्य/थप जानकारीको लागि
Website: - https://daokailali.moha.gov.np/
Facebook Page: - https://www.facebook.com/daokailali/
Tiktok page: - http://tiktok.com/@daokailali

मिति :- २०८२।०६।०५